## मा.मुख्यमन्त्री डोरमणी पौडेलबाट निर्देशन

जिल्लामा रहेका स्थानीयतह तथा सरकारी कार्यालयहरुबाट प्रदान हुने सेवालाई चुस्त दुरुस्त, जनमुखी र उत्तरदायी वनाउन प्रदेश नं. ३ सरकारका मुख्यमन्त्री मा. श्री डोरमणी पौडेलज्यूले आज मिति २०७५/१०/११ गते जिल्लाका नौ वटै पालिका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्षका साथै सवै सरकारी कार्यालयका प्रमुखहरुलाई निर्देशन दिनु भयो ।

संयुक्त वैठकमा पालिका प्रमुखहरुले आ-आफ्नो समस्याका सम्वन्धमा प्रस्तुती गरेको कार्यक्रममा मा. पार्वत गुरुङले समेत स्थानीय प्रदेश र संघीय सरकारका निकायहरुलाई सुझाव दिनु भएको थियो ।

## ढुंगा गीट्टी, वालुवाको अनुगमन

नदीजन्य पदार्थ ढुंगा गीट्टी वालुवा उत्खनन एवं संकलन गर्न भिमेश्वर नगरपालिका साथै तामाकोशी, वैतेश्वर, विगु र कालिन्चोक गाउँपालिकाले लगाएको ठेक्का बमोजिम उत्खनन एवं संकलन भई रहेको क्षेत्रको स्थलगत अनुगमन जिल्ला अनुगमन समितिले मिति २०७५/०९/३ र ४ गते गर्यो ।

अनुगमनमा जिसस प्रमुख डवल पाण्डे, प्र.जि.अ. सागरमणी पाठकका साथै जिसस सदस्य मुरारीराज शिवाकोटी, जिस अ. तुलसीनाथ गौतम, इन्जिनियर नारायण प्रसाद शिवाकोटी लगाएत जनपथ एवं सशस्त्र प्रहरीका निरीक्षकको सहभागिता रहेको थियो ।

अनुगमनका क्रममा IEE भन्दा फरक ढंगले उत्खनन गरी रहेका एक वटा चेन डोजर र एक वटा एक्साभेटरलाई समितिले नियन्त्रणमा लिएको छ । अनुगन निरन्तर जारी रहने छ ।